नारायण नगरपालिका

# स्थानीय राजपत्र

**नारायण नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड १ मिति २०८२ साल भदौ ५ संख्या १**

**भाग १**

**नारायण नगरपालिकाको**

## टोल विकास संस्था गठन तथा परिचालन कार्यविधी-२०८२

**प्रस्तावनाः**

सामुदायिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास, स्थानीय स्तरमा सुशासन प्रबर्द्धन गर्न नारायण नगरपालिका क्षेत्रभित्र रहेका वस्तीहरुमा निश्चित भौगोलिक सिमाभित्र रहेका सबै घरधुरी सदस्य रहने र स्थानीय स्तरमा वडा समितिको परामर्श र सरसहयोगमा काम गर्ने गरी गाउँवस्ती स्तरको काममा अग्रसरता लिन, सामुदायिक कृयाकलापहरु संचालन गर्न, नारायण नगरपालिका तथा वडा कार्यालयको योजना र कार्यक्रममा सहयोगी तथा साझेदारको रुपमा सामुदायिक परिचालन र सहभागिताको कार्यलाई प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि यस नारायण नगरपालिका क्षेत्रको समग्र आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक र मानविय विकासमा नागरिक समाजको सहभागितालाई अर्थपूर्ण गराउन नारायण नगरपालिकाले एक स्वायत्त नागरिक संस्थाको रुपमा टोल विकास संस्थाको गठन तथा परिचालन कार्यविधि-२०८२ वनाई लागु गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भः**

१.१ यो कार्यविधिको नाम टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधी-





२०८२ रहेको छ ।

१.२ यो कार्यविधि नारायण नगरकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा अर्थमा अर्को अर्थ नलागेमा यस कार्यविधीमा

**२.१ "नगरपालिका"** भन्नाले नारायण नगरपालिकालाई सम्झनुपर्छ ।

**२.२ "वडा"** भन्नाले नगरपालिकाको वडालाई सम्झनु पर्छ ।

**२.३ "कार्यालय"** भन्नाले नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

**२.४."पदाधिकारी"** भन्नाले टोल विकास संस्थाको कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव र सदस्यहरु समेतलाई सम्झनु पर्दछ ।

**२.५. "टोल विकास संस्था"** भन्नाले टोल वस्तीको समग्र विकासको लागि निश्चित भौगोलिक क्षेत्रका अधिकाशं घरधुरीका प्रतिनिधिहरुको उपस्थितिमा विकास निमार्ण, सेवा प्रवाह र सामाजिक परिचालनको क्षेत्रमा काम गर्ने उद्देश्यले गठन भई वडा कार्यालयमा सूचिकृत भएको पालिकामा दर्ता भएको स्वायत्त सामुदायिक संस्थालाई सम्झनु पर्दछ ।

**२.५."वडागत कार्यसंजाल"** भन्नाले वडाभित्र रहेका टोल विकास संस्थाहरुको प्रतिनिधित्वमा बनेको कार्यसंजाल संस्था भन्ने बुझिनेछ ।

**२.६."कार्यसंजाल संस्था"** भन्नाले टोल विकास संस्थाहरुको नगरपालिका स्तरीय कार्यसंजाल संस्था भन्ने बुझिनेछ ।

**२.७. "वैठक"** भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै वैठक सम्झनु पर्दछ ।

**२.८. "विधान"** भन्नाले संस्थाको विधानलाई सम्झनु पर्दछ ।

**२.९. "साधारण सभा"** भन्नाले संस्थाको साधारण सदस्यहरुको वार्षिक भेला सम्झनु पर्दछ ।

**२.१०. "अधिवेसन"** भन्नाले संस्थाले प्रत्येक ३ वर्षमा गर्ने कार्यसमिति परिवर्तनलाइ सम्झनु पर्दछ

**२.११ "सामुदियक प्रशिक्षक"** भन्नाले टोल विकास संस्थामा सहजिकरण गर्ने कर्मचारीलाई सम्झनु पर्दछ ।

**२.१२ "सम्पर्क व्यक्ति"** भन्नाले सुशासनको लागि टोल विकास संस्था सवलिकरण कार्यक्रम हेर्ने कर्मचारी सम्झनु पर्दछ ।





उपाध्यक्ष, सचिव,र कोषाध्यक्ष मध्ये कुनै दुई पदमा अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

५.३ दफा ३ को उपदफा २ वमोजिम संस्थाको पदाधिकारीहरुको कार्यकाल ३ वर्षका लागि हुनेछ । अध्यक्ष, उपाध्यक्ष, सचिव, र कोषाध्यक्ष पदमा लगातार दुई कार्यकाल भन्दा बढि सोही पदमा काम गर्न सक्ने छैन ।

५.३ संस्थाको पदाधिकारी हुने योग्यता

क) नेपाली नागरिक भएको,

ख) सम्बन्धित टोलको बासिन्दा भएको,

ग) फौजदारी अभियोग प्रमाणित नभएको व्यक्ति,

घ) जनप्रतिनिधि, बहालवाला सरकारी तथा गैरसरकारी लाभको पदमा नरहेको व्यक्ति हुनुपर्नेछ ।

५.४ टोल किास संस्थाहरुले आवश्यकका आधारमा विभिन्न विषयगत उपसमितिहरु गठन गरि परिचालन गर्न सक्ने छन् । विषयगत उपसमितिहरुको भूमिका जिम्मेवारी र प्रतिनिधित्वको निर्णय पदाधिकारीहरुको प्रस्तावमा टोल सभाले गर्ने छ ।

**६. कार्य समितिका पदाधिकारीको पद रिक्त सम्वन्धी व्यवस्था :**

६.१. दफा ३ वमोजिम गठन भएको कार्य समितिका पदाधिकारीहरुको पद देहाय वमोजिमको अवस्थामा रिक्त हुनेछ ।

क) अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमितिको वैठकमा र उपाध्यक्ष सहित अन्य सदस्यले अध्यक्ष समक्ष राजीनामा दिएमा ।

ख) भ्रष्टाचार वा अन्य कुनै फौजदारी अभियोगमा कसुरदार ठहरिएमा ।

ग) मृत्यु भएमा ।

घ) वसाइसराइ गरि अन्यत्र गएमा ।

६.२ उपदफा १ वमोजिम अध्यक्षको पद रिक्त भएमा कार्यसमितिको बाँकी अवधीको लागि उपाध्यक्षले अध्यक्ष भई कामकाज गर्नेछ । अन्य पदाधिकारीहरुको हकमा कार्यसमितिले बाँकी अवधिको लागि समितिका सदस्यहरु मध्येवाट कुनै सदस्यलाई त्यस्तो रिक्त पदमा कामकाज गर्न लगाउन सक्नेछ ।

**७. संस्था सूचीकृतः संस्थाको सूचीकृत देहाय वमोजिम हुनेछ ।**

७.१ संस्थाको आमभेलाले निर्णय गरि अनुसूची २ वमोजिमको ढाँचामा सोही निवेदनमा उल्येखित कागजातहरु समावेश गरी संस्था सूचीकरणका लागि वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।





७.२ उपदफा ७.१ वमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले संस्थाको चारकिल्ला भित्रका सवै घरधुरी समावेश गरे नगरेको समेत हेरी सिफारिस भएको अनुसूची ३ वमोजिमको ढाँचामा नगरपालिकाले संस्था सूचीकृत गरेको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

७.३ दफा ७.१ वमोजिम प्राप्त निवेदन वमोजिम सूचीकृतको लागि प्राप्त भएको टोल विकास संस्थामा समावेश हुनुपर्ने घरधुरी वा वस्ती छुटेको पाईएमा वडा, नगरपालिकाले त्यसरी छुटेको घरधुरी वा वस्ती समेत समावेश गरी सूचीकरणको लागि पुन पेश गर्न निर्देशन दिन सक्नेछ ।

७.४ वडा कार्यालयले यस दफा वमोजिम संस्था सूचीकृत गरेको विवरण मासिक रुपमा नगरकार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

### परिच्छेद-३
### संस्थाको काम, कर्तव्य र अधिकार

**८. टोल विकास संस्थाको काम, कर्तव्य र अधिकारः** दफा ३ को उपदफा २ वमोजिम गठित टोल विकास संस्थाले आफ्नो टोल क्षेत्रको समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछ ।

८.१ वडा समितिसंग निकटतामा रहि तथा समन्वय गर्दै र टोल संस्थाबाट भए गरेका गतिविधिको वार्षिक रुपमा वडा समितिमा प्रतिवेदन पेश गर्नु पर्ने छ ।

८.२ टोल विकास संस्थाको नियमित बैठक कम्तिमा महिनाको एक पटक बस्ने व्यवस्था मिलाउनु पर्ने छ ।

८.३ हरेक टोल विकास संस्थाको आफ्नो कोष तथा बचत कोष संकलन गरी परिचालन गर्न सकिने छ उक्त कोष नगरपालिकाको कोष व्यवस्थापन निर्देशिका वमोजिम हुनेछ ।

८.४ टोल विकास संस्थाले कार्यक्षेत्रको सामाजिक, आर्थिक, पुर्वाधार, वातावरण संरक्षण, सडक बत्ती व्यवस्थापन, विपद् व्यवस्थापन र सरसफाई जस्ता कार्यको नेतृत्व गर्ने छ ।

८.५ वडाको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याँकन कार्यमा वडा समितिलाई सहयोग गर्ने र नागरिकको सहभागिताका लागि पहल पर्नु पर्ने छ ।

८.६ वडा समितिले मागेको विषयमा सहयोग गर्ने र विभिन्न अभियानमा सरिक भई कार्य गर्ने ।

८.७ टोलवासीहरु मध्येबाट सम्पन्नता स्तरिकरण गरि र अवसरका आधारमा उद्यमी छनोट गरी कोषबाट ऋण लगानीको व्यवस्था गर्ने र राम्रो काम गर्ने उद्यमीहरुलाई

## परिच्छेद २
### टोल विकास संस्था गठन तथा सूचीकृत सम्बन्धी व्यवस्था

**३. टोल विकास संस्थाको गठनः** नारायण नगरपालिका भित्र गठन हुने टोल विकास संस्थाको गठन देहाय बमोजिम हुनेछ ।

३.१ नारायण नगरपालिका क्षेत्र भित्रमा बस्तीहरुको भौगोलिक तथा सामाजिक सामिप्यताका आधारमा टोल तथा वस्तीका वासिन्दाहरुको आम भेलावाट टोल तथा वस्ती भित्रका घरधुरी समावेश हुनेगरि टोल विकास संस्थाको गठन गरिनेछ ।

३.२ उपदफा १ बमोजिम गठन हुने संस्थाको कार्य समिति देहाय वमोजिमको हुनेछ ।

क) अध्यक्ष १ जना

ख) उपाध्यक्ष १ जना

ग) सचिव १ जना

घ) कोषाध्यक्ष १ जना

ङ) सदस्यहरु बाँकी सवै सदस्यका रुपमा रहनेछन ।

३.३ उपदफा २ वमोजिमको टोल विकास संस्था गठन गर्दा टोल तथा वस्ती भित्रका एक घरधुरीवाट एकजना भन्दा बढि नपर्ने गरी भौगोलिक सन्तुलन तथा सामाजिक समवेशीकरणको आधारमा सभा वा वडा कार्यालयले तोकेको चार किल्ला भित्रका नागरिकहरुको आमभेलावाट सर्वसम्मत रुपमा संस्थाको कार्य समिति गठन गरिनेछ। तर यस दफा वमोजिम आमभेलामा सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यहरुको बहुमतवाट कार्य समिति गठन गर्न बाधा पर्ने छैन ।

३.४ उपदफा २ वमोजिम गठन भएको संस्थालाई वडा कार्यालयको सिफारिसमा नगरकार्यपालिकाको कार्यालयमा सुचिकृत गराउनु पर्नेछ ।

३.५ दफा ३ को उपदफा २ वमोजिम गठन हुने टोल विकास संस्थाको नामांकन गर्दा कुनै जाती धर्म वा स्थानीय व्यक्तिको पहिचान हुनेगरी नराखी स्थानीयताको विशेष पहिचानलाई उच्च प्राथामिकता राखि नारायण नगरपालिका भित्रका अन्य टोल विकास संस्थासंग नाम नजुध्ने गरी सर्वसम्मत ढंगबाट नामांकन गर्नु पर्नेछ ।

यस दफा वमोजिम आमभेलाले सर्वसम्मत नामाकंन हुन नसकेमा उपस्थित सदस्यहरुको बहुमतका आधारमा नामाकंन गर्न सकिनेछ । अल्पमत र बहुमत प्रक्रिया सम्बन्धि कार्यविधि संस्थाको साधारण सभाले तोके वमोजिम हुनेछ ।

३.६ दफा ३ को उपदफा २ वमोजिम गठित संस्थाको कार्यक्षेत्र वडाले तोकेको चार





किल्ला भित्र हुनेछ । साधारण सभाले टोल वस्ती भित्रका कुनै घरधुरी संस्थामा समावेश गरेको नपाईएमा वा कुनै घरधुरी वा वस्ती उक्त संस्थामा समावेश गर्नु पर्ने भन्ने लागेमा वडा कार्यालयले त्यसरी छुटेको घरधुरी वा वस्ती सम्वन्धित संस्थामा समावेस गर्न लगाउन सक्नेछ ।

३.७ यस दफामा अन्य जुनसुकै कुरा लेखिएको भएता पनि वडा कार्यालयले तोकेको भौगोलिक क्षेत्र भित्रका अधिकतम १०० घरधुरी समेट्ने गरी टोल विकास संस्था गठन गर्न सकिनेछ । एउटा घरधुरी एकभन्दा वढी टोल विकास संस्थाको सदस्य बन्न पाउने छैन ।

३.८ टोल विकास संस्थाको आफ्नो विधान हुनेछ । उक्त विधान अनुसूची १ मा उल्लेख भए वमोजिम हुनेछ । टोल विकास संस्थाले आफ्नो आवश्यकता अनुसार त्यसमा थपघट गर्न सक्नेछ, ।

३.९ प्रत्येक ३ वर्षमा टोल विकास संस्था नविकारणका लागि वडा समितिको सिफारिसमा नारायण नगरपालिकामा टोल विकास संस्थाको नविकरण गर्नुपर्नेछ । टोल विकास संस्थाको नविकरण गर्दा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्तिवाट गरिनेछ ।

**४. टोल विकास संस्थाको सदस्यता :** टोल विकास संस्थाको सदस्यता प्राप्त गर्न देहाय वमोजिम प्राप्त गर्न सक्नेछन ।

४.१ दफा ३ को उपदफा २ वमोजिम गठन हुने टोल विकास संस्थाको क्षेत्राधिकार भित्र समावेश गर्ने व्यक्तिहरु मध्यवाट एक घर एक सदस्य हुनेगरी टोल विकास संस्थाले सदस्यता वितरण गर्नेछ । सदस्य हुन घरमूली नै अनिवार्य नभै सम्वन्धित परिवारको जो कोहि सदस्यले टोल विकास संस्थाको सदस्यता लिन सक्ने छ ।

४.२ टोल विकास संस्था गठन पश्चात नयाँ सदस्य बन्न आउने सदस्यले समेत टोल विकास संस्थामा आफु सदस्य बन्न इच्छुक रहेको निबेदन पेश गरेपछि सदस्यता प्राप्त गर्न सक्नेछन ।

४.३ तोकिएको क्षेत्रभित्र वसोबास गर्ने हरेक घरधुरीले अनिवार्य रुपमा सदस्यता लिनुपर्नेछ ।

**५. टोल विकास संस्थाको कार्यसमिति :**

५.१ टोल विकास संस्थाको पदाधिकारीहरुको व्यवस्था दफा ३ को उपदफा २ वमोजिमको हुनेछ । टोल विकास संस्थाले आफ्नो विधानमा व्यवस्था भए बमोजिमका पदाधिकारीहरुको छनोट टोल सभाबाट गरिनेछ ।

५.२ दफा ३ को उपदफा २ वमोजिम गठन भएको कार्यसमितिको पदाधिकारीहरुको छनोट गर्दा समावेसीताको सुनिश्चिता हुनेगरी व्यवस्था मिलाउनु पर्ने छ । अध्यक्ष,





वडा तथा नगरपालिकामा सहयोगका लागि सिफारिस गर्ने ।

८.८ नगरपालिकाको सहयोगी तथा साझेदार निकायको रुपमा गैर राजनैतिक एक नागरिक समाजको रुपमा काम गर्ने ।

८.९ टोल क्षेत्र भित्रका सरकारी एवं ऐलानी पर्ति जग्गा, प्राकृतिक सम्पदा, सार्वजनिक स्थलको संरक्षण एंव संवर्द्धन गर्न वडा समितिलाई सहयोग गर्ने ।

८.१० टोल विकास संस्थाले सिफारिस गर्न नगरपालिका वा वडा समितिबाट तोकेका कामहरुमा सिफारिस गरि नगरपालिका वा वडा समितिमा पठाउने ।

८.११ नेपाल सरकार र प्रदेश सरकार र स्थानीय सरकारका राष्ट्रिय एवं स्थानीय कार्यक्रममा आवश्यक सहयोग गर्ने

८.१२ नगरपालिका वा वडा समितिबाट टोल विकास संस्थाले संचालन, संरक्षण एवं कार्य गर्न अधिकार प्रत्यायोजन भएका कार्य गर्ने तथा नगरपालिकाबाट तोकिए बमोजिमको सेवा शुल्क लिन पाउने ।

८.१३ वातावरण मैत्री तथा बालमैत्री टोल, वडा घोषणा गर्न आवश्यक पहल तथा सहयोग गर्ने ।

८.१४ टोलको आर्थिक तथा सामाजिक तथ्यांक अद्यावधिक गर्न सूचना अभिलेख राख्ने, टोलका सदस्यहरुमा गरिब तथा विपन्न समुदायमा रहेका सदस्यहरुको निश्चित आधारमा वर्गीकरण गरी तिनीहरुको अभिलेख तयार गर्ने ।

८.१५ विभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसंग बलियो सम्बन्ध स्थापित गरी टोल विकासको लागि सहजीकरण गर्ने ।

८.१६ समाजमा विधमान कुप्रथा, बालविवाह, बहुविवाह, जातिय विभेद, विविध हिंसा, लागु पदार्थको दुर्व्यसन जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारको कार्यक्रमहरु संचालन गर्ने ।

८.१७ टोलमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता, हरियाली प्रवर्द्धन, जलवायु अनुकुलन र वातावरणमैत्री आदि नगरपालिकाका विशेष अभियान एवं सामाजिक सरोकारका विषयमा विकासात्मक, अभियानत्मक, प्रचारात्मक तथा चेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।

८.१८ नगरपालिकाको राजस्व संकलन एवं परिचालनको लागि सहयोग प्रदान गर्ने ।

८.१९ नगरपालिकाबाट गरिबी निवारण तथा आय आर्जनका लागि लगानी भएका ऋण अनुदानको सही सदुपयोग गराउन आवश्यक सहयोग गर्नुका साथै ऋण असुलीमा नगरपालिकालाई सहयोग गर्ने ।





८.२० संस्थामा प्राप्त रकमको संस्थाको नीति नियम बमोजिम रकम खर्च गर्ने, लेखा राख्ने र लेखापरिक्षण गराउने ।

८.२१ टोल विकास संस्थाहरुको वडा कार्यसंजाल तथा नगरपालिका तहको कार्यसंजाल संस्थामा प्रतिनिधित्व गर्ने, योजनामा सहभागी हुने र संजालहरुले गरेको निर्णयहरु कार्यान्वयन गर्ने ।

## परिच्छेद-४
### पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः

**९. टोल विकास संस्थाका कार्यसमितिको पदाधिकारीहरुको काम, कर्तव्य र अकिार देहाय बमोजिम हुनेछ ।**

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकारः**

१. संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

२. आवश्यकता अनुसार औपचारिक बैठकहरुमा बैठकको अध्यक्षता गरि बैठक संचालन गर्ने वा सचिवलाई बैठक संचालनको जिम्मेवारी दिने ।

३. बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने र त्यसको स्पष्ट माईन्यूटको व्यवस्था मिलाउने ।

४. छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५. निर्णयहरु लागु गर्ने र गर्न लगाउने र विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

८. संस्थाले आर्जन गरेका नगद वा जिन्सी सामानको परिचालन तथा सुरक्षाको प्रवन्ध मिलाउने ।

९. विशेष बैठकको आवश्यकता परेमा संस्थाको विधान बमोजिम बैठक बोलाउने ।

१०. नगरपालिका, वडा समिति तथा अन्य संघ संस्थाहरुसंग हुने विशेष बैठकहरुमा भाग लिने वा प्रतिनिधि तोक्ने ।

११. संस्थाको आवश्यकता अनुसारका काम, कर्तव्यहरुको पालना गर्ने र समुदाय तथा संस्थाको हितमा सम्पूर्ण कार्य गर्ने वा गराउने ।

१२. टोल विकास संस्थाहरुको वडागत कार्यसंजाल तथा नगरपालिका स्तरीय टोल विकास संस्थाहरुको कार्यसंजाल संस्थामा प्रतिनिधि पठाउने व्यवस्था मिलाउने ।

**(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१.अध्यक्षको अनुपस्थितीमा बैठकको अध्यक्षता गर्ने साथै अध्यक्षलाई तोकिएका कार्य समेत गर्ने ।

२. अध्यक्षबाट तोकिएका विषयमा नेतृत्व गर्ने ।

**(ग) सचिवको काम, कर्तव्य र अधिकार :**

१. अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।

२. एक तिहाई सदस्यले विशेष बैठकका लागि माग गरेमा विधान बमोजिम बैठक बोलाउने ।

३. छलफलका प्रस्तावहरु संकलन गरि बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखि निर्णय प्रमाणित गराउने ।

४. संस्थाको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने ।

५. कार्यसमितिबाट भए गरेका निर्णयको प्रभावकारी कार्यान्वयन गर्ने गराउने ।

६. अध्यक्षद्धारा तोकिएको अन्य कार्य गर्ने ।

**(घ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. संस्थाको आम्दानी र खर्चको विवरण तयार गर्ने ।

२. आम्दानी खर्चको लेखापरीक्षण गराउने ।

३. बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने ।

४. संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

५. बैठकको निर्णय अनुसार बचत परिचालन गर्ने, ऋण लगानी असुलीको अभिलेख राख्ने ।

६. सदस्यहरुको बचत असुली तथा श्रेस्ता व्यवस्थापन सम्बन्धिका कार्य गर्ने ।

**(ङ) सह सचिवको काम, कर्तव्य र अधिकार :**

१. सचिवको अनुपस्थितिमा सचिवलाई तोकिएको कार्यहरु गर्ने ।

२. तोकिएका अन्य कार्यहरु गर्ने ।

**(च) संस्थाको सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

१. बैठकमा उपस्थित भई प्रत्येक छलफलमा सहभागी हुने ।

२. संस्थाको नियमानुसार मासिक बचत समयमै जम्मा गर्ने र अन्य टोल सदस्यहरुलाई समेत समयमै बचत गर्न प्रेरित गर्ने ।

३. टोल विकास संस्थाबाट संचालित योजना तथा कार्यक्रममा आवश्यकता अनुसार लागत सहभागिता तथा श्रमदान गर्नुका साथै आयोजना तथा कार्यक्रमलाई दिगोपना दिन समुदाय परिचालन गर्ने ।

४. संस्थाका पदाधिकारीहरुले गरेका कामको मूल्यांकन नियमित रुपमा गर्ने ।

५. आवश्यकता अनुसार संस्था संचालनका लागि नीति, नियमहरु बनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने पालना नभएको भएमा पालना गराउन खबरदारी गर्ने ।

६. नगरपालिका र वडा समितिबाट संचालित विशेष अभियानमा सहभागी हुने तथा





अन्य सदस्यहरुलाई समेत सहभागी गराउन पहल गर्ने ।

७. आवश्यकता अनुसार अध्यक्ष, सचिव, कोषाध्यक्षहरुलाई सघाउने ।

८. विषयगत समितिका संयोजक सदस्यहरुले आ-आफ्नो विषयगत क्षेत्रको प्रवर्द्धनको लागि नगरपालिका, वडा कार्यालय, विषयगत शाखाहरुमा सर्म्पक समन्वय गर्ने र विषयगत क्षेत्रको गतिविधि संचालनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने ।

९. आफ्नो समुदायको विकासका लागि निरन्तर अगुवाई गर्ने, संस्थाका बैठकहरुमा भाग लिने, छलफलमा सकृयतापूर्वक आफ्ना विचारहरु राख्ने, संस्थाको निर्णय प्रकृयामा जिम्मेवारीपूर्वक भाग लिने र निर्णयहरु कार्यान्वियन गर्ने ।

१०. संस्थामा छलफल भए बमोजिम विभिन्न कार्यहरु पुरा गर्नका लागि स्रोतको साझेदारी गर्नुपर्ने भएमा त्यसमा सहभागी भई कार्य पुरा गर्ने ।

११. संस्थाको छलफलबाट तोकिएको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-५

## संस्थाको बैठक र टोल सभा सम्बन्धी व्यवस्था

**१०. टोल संस्थाको कार्य समिति बैठक**

१०.१ टोल संस्थाको बैठक सामान्यतया महिनाको एक पटक अनिवार्य बस्ने छ ।

१०.२ सामान्यतया टोल विकास संस्थाको बैठकको मिति मासिक वा पाक्षिक तय गरिनेछ । बैठक बस्ने मिति पुनरावलोकन गर्न अध्यक्षको परामर्शमा सचिवले जानकारी गराउने छ । नियमित मितिमा बैठक बस्न नसक्ने कुनै अवस्था आएमा अध्यक्षको परामर्शमा सचिवले सबैलाई जानकारी गराउनु पर्ने छ ।

१०.३ यदि २ महिना भन्दा बढी समयसम्म बैठक नबसेमा एक तिहाई सदस्यहरुले बैठक बसाई दिन अनुरोध गरेमा अध्यक्षसंगको परामर्शमा सचिवले सिधै बोलाउन सक्ने छ ।

१०.४ संस्थाको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्ने छ । निज पनि अनुपस्थित भएमा जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने छ ।

१०.५ मासिक बैठकमा कम्तिमा पनि ६० प्रतिशत सदस्यहरुको उपस्थिति अनिवार्य मानिने छ ।

**११. टोल सभा** : संस्थाको सम्पुर्ण सदस्यहरुको उपस्थितिमा कम्तीमा वर्षको एक पटक टोल सभा बस्नु पर्ने छ । टोल सभा संस्थाको सर्वोच्च निकायको रुपमा हुनेछ । टोल सभाका काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछ ।





घ. संस्थाले टोलको श्रृजनशिल कार्य वा अन्य श्रोतबाट जम्मा गरेको रकम ।

ङ. सदस्यता शुल्कबाट उठेको रकम ।

**१५. खाता संचालन र व्यवस्थापन :**

१५.१ टोल विकास संस्थाको आर्थिक कारोबार दोहोरो लेखा प्रणाली सिद्धान्त अनुरुप राख्नु पर्ने छ । नारायण नगरकार्यपालिकाले तोके बमोजिम बैंक ही. खाताहरु प्रयोगमा ल्याउनु पर्ने छ । कोष परिचालनका लागि नगर कार्यपालिकाले तोके भन्दा बाहेक थप व्यवस्थापनका लागि अन्य उपायहरु गर्न बाधा हुने छैन ।

१५.२ टोल संस्थाको बैंक खाता संचालन अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट खाता संचालन गर्नु पर्ने छ ।

१५.३ टोल विकास संस्थाले अनिवार्य बैंक खाता खोली बैंक खाताबाट कारोबार गर्नु पर्नेछ । बैंक खाता खोल्न कठिन भएका स्थानमा सहकारीमा समेत खाता खोल्न सकिनेछ ।

१५.४ टोल विकास संस्थाको बार्षिक कारोबार ७ लाख भन्दा बढी भएमा रजिष्ट्रार्ड लेखा परिक्षकबाट बार्षिक लेखा परिक्षण गराउनु पर्ने सो भन्दा कम कारोबार भएमा साधारण सभाबाट गठित लेखा समितिले गर्न सकिने छ ।

१५.५ टोल विकास संस्थाको वचत कोष परिचालन टोल विकास संस्था कोष परिचालन निर्देशिकाले निर्दिष्ट गरे वमोजिम हुनेछ । जुन अनूसूची ४ वमोजिम हुनेछ ।

## परिच्छेद-८

## विविध

**१६. टोल विकास संस्थाको सिमाङ्कन हेरफेर र एकीकरण:**

१६.१ दफा ३ को उपदफा २ वमोजिम गठित टोल विकास संस्थाले सिमाङ्कन थपघट गर्नु पर्ने भएमा ठुलो भै टुक्राउनु परेमा वा एकीकरण गर्न परेमा कुनै एक टोल विकास संस्थाको टोल सभाले वडा समितिमा प्रस्ताव गर्न सक्ने छ । वडा समितिले सिमाङ्कन हेरफेर गर्न वा एकीकरण गर्न उपयुक्त ठानेमा वडा समितिको सिफारिसका आधारमा नगरकार्यपालिकाको कार्यालयले टोल संस्थाको सिमाङ्कन हेरफेर तथा संशोधन गरिदिन सक्नेछ ।

**१७. निर्वाचन सम्बन्धी व्यवस्था :**

१७.१ दफा ९ वमोजिमको टोल विकास संस्थाका पदाधिकारीको चयन गर्न टोल सभाबाट पदाधिकारीमा नबस्ने ३ जना सदस्यहरु मध्येबाट एकजना महिला सहित





**२०. टोल विकास संस्थाहरुले कार्यसंजाल संस्था बनाउन सक्ने :**

२०.१ नारायण नगरपालिका भित्र रहेको टोल विकास संस्थाहरुले वडा तहमा वडा कार्यसंजाल र नगरपालिका स्तरमा कार्यसंजाल संस्थाको गठन गर्न सक्नेछन । प्रतिनीधित्वको प्रणाली कार्यसंजाल संस्थाहरुको विधानमा उल्लेख भए वमोजिम हुनेछ ।

२०.२ वडा कार्यसंजाल वडा समितिको सिफारिसमा र नगर कार्यसंजाल नगरपालिकामा दर्ता हुनेछ ।

२०.३ वडा संजालले वडाको निकट रही कार्य गर्ने छ, पालिकास्तरिय सञ्जालले नगरपालिकासगं आवश्यकताका आधारमा समन्वय गर्न सक्नेछ ।

२०.४ नगरपालिका स्तरीय कार्यसंजाल संस्थाले नगरपालिकाको स्वीकृति र परामर्शमा नगरपालिकाको कार्यक्षेत्र भित्र गैर सरकारी तथा सरकारी संस्थासंग साझेदारीमा कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

**२१. स्वीकृति लिनु पर्ने** : यस कार्यविधिमा उल्लेख नभएका विषयमा कुनै कार्य गर्नु परेमा सम्बन्धित टोल विकास संस्थाले नगरपालिकाको पुर्व स्वीकृति लिनु पर्ने छ ।

**२२. प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरु यसै कार्यविधि बमोजिम हुने र यसमा उल्लेख नभएकाको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**२३. बाधा अड्काउ फुकाउ** : यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा टोल विकास संस्थाहरुको वडा स्तरीय कार्यसंजाल वा नगरपालिका स्तरीय कार्यसंजालले सहजीकरण गरी बाधा अड्काउ फुकाउको समाधान खोज्नु पर्ने छ । त्यसबाट पनि समाधान हुन नसकेमा भने नगरकार्यपालिकाको बैठकको निर्णय बमोजिम हुनेछ ।

**२४. कार्यविधि संसोधन :**

२४.१. यो कार्यविधीको संशोधन वा कुनै दफा खारेजी गर्नु परेमा नगरकार्यपालिकालाई पूर्ण अधिकार हुनेछ ।

२४.२.यो कार्यविधी लागु हुनुपूर्व नगरपालिकाबाट गठित टोल विकास संस्थाहरु समेत यसै कार्यविधी बमोजिम गठन तथा परिचालन भएको मानिनेछ ।

२४.३ यो कार्यविधि नगरकार्यपालिकाले पारित गरि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात लागु हुनेछ ।

११.१ कम्तीमा ८० प्रतिशत टोल बासीको प्रतिनिधित्व हुने गरि बार्षिक रुपमा कम्तीमा एक टोल सभा र तेस्रो वर्षमा टोल अधिवेशन हुनेछ ।

११.२ प्रत्येक टोल विकास संस्थाले वार्षिक रुपमा चैत्र मसान्त भित्र वार्षिक टोल सभा सम्पन्न गरि सक्नु पर्नेछ ।

११.३ टोल क्षेत्रमा गर्नु पर्ने समग्र विकासका योजना तथा कार्यक्रम साधारण सभाबाट पारित गरि वडा समितिमा पेश गर्नु पर्नेछ ।

११.४ पदाधिकारीबाट भए गरेका विभिन्न गतिविधिको अनुमोदन गर्ने र पदाधिकारीबाट टोल सभामा पेश भएका विषयमा यथोचित सल्लाह सुझाव दिने छ ।

११.५ लेखापरिक्षक छनौट तथा लेखापरिक्षकको पारिश्रमिक तोक्ने छ ।

११.६ लेखा समिति चयन तथा लेखा समितिको प्रतिवेदन माथि छलफल हुने छ ।

११.७ टोल विकास संस्थाले लिनु पर्ने नीति, निर्णय, बजेट योजना तथा कार्यक्रम सभाबाट पारित गर्नुपर्ने छ ।

११.८ आवश्यक परेमा सल्लाहकार तथा विषयगत उपसमितिहरुको गठन एवं संयोजक चयन गर्नु पर्ने छ ।

११.९ टोल सदस्यहरुको उजुरी, पुनरावलोकन सुन्ने र निर्णय दिने ।

११.१० टोल विकासको विधान पारित एंव संशोधन गरि नगरपालिकामा स्वीकृतका लागि पेश गर्ने ।

११.१२ आवश्यकता अनुसार टोल विकास योजना र दिगो जिविकोपार्जन योजना बनाउने ।

११.१३ बार्षिक टोल सभामा टोलका सदस्यहरु मध्ये ८० प्रतिशत सदस्यहरुको उपस्थिती अनिवार्य हुनेछ । उपस्थिति प्रयाप्त नभएमा पुनः साधारण सभा गर्नु पर्ने छ तर दोश्रो पटकमा ६० प्रतिशतलाई गणपुरक संख्या मानिनेछ ।

११.१४ बार्षिक टोल सभाका अवसरमा आगामी आ.व.का लागि टोल स्तरको योजना तर्जुमा समेत गरि बैशाख पहिलो हप्ता भित्र नगरपालिकाबाट निर्धारित ढाँचामा योजना माग फाराम भरी वडा अध्यक्ष वा क्षेत्र तोकिएका वडा सदस्य वा वडा सचिवलाई बुझाउनु पर्ने छ ।

**१२. विशेष टोल सभा :**

१२.१ संस्थाको हितलाई ध्यानमा राखी कुल सदस्य संख्याको २५ प्रतिशत सदस्यहरुले लिखित रुपमा अनुरोध गरेमा अध्यक्षले जुनसुकै वेला पनि विशेष टोल सभा बोलाउनु पर्नेछ।

१२.२ दफा ११ उपदफा ११.१ बमोजिम सदस्यहरुको माग बमोजिम टोल सभा बोलाउन आलटाल गरेमा वा ३० दिनसम्म नबोलाएमा, उल्लेखित बैठकको माग गरि





वडा अध्यक्ष समक्ष निवेदन पेश गरेमा वडा अध्यक्षले कुनै वडा सदस्यको अध्यक्षतामा विशेष टोल सभा बोलाई टोल विकास संस्थाको गतिविधि बुझ्न टोलबासीको माग संकलन गर्न तथा टोल संस्थाको पुर्नगठन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद-६
## कर्मचारी व्यवस्थापन

**१३. कर्मचारी व्यवस्थापन:** टोल विकास संस्था गठन तथा निरन्तर परिचालनका लागि नगरपालिकाले एक वडा एक सामुदायिक प्रशिक्षक नियुक्ती गर्नेछ ।

१३.१ पहिलो पटक सामुदायिक प्रशिक्षक नियुक्ती गर्दा नगरपालिकामा कार्यरत सामाजिक परिचालकलाई नै नियुक्ती दिनु पर्नेछ र कारणवस कुनै वडामा रिक्त भएमा टोल विकास संस्था संचालन तथा परिचालन सम्वन्धि तालिम प्राप्त जनशक्तिलाई प्राथामिकता दिन सकिनेछ ।

१३.२ नगरपालिकाले एक जना अधिकृत स्तरको सम्पर्क व्यक्ति तोक्नेछ । सम्पर्क व्यक्तिले कार्यक्रम संचालन , सामुदायिक प्रशिक्षक , टोल विकास संस्था र कार्यक्रम संग सम्वन्धित अन्य संस्था संग समन्वय सहजिकरण गर्नेछ ।

## परिच्छेद-७
## आर्थिक व्यवस्थापन

**१४. कोष सम्बन्धी व्यवस्था :** टोल विकास संस्थाको कोषमा देहायका श्रोतबाट प्राप्त रकम जम्मा गरिनेछ ।

क. नगरपालिका र वडा समितिबाट निश्चित कार्य गर्न प्रदान भएको सर्शत अनुदान ।

ख. विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, विभिन्न सामाजिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान ।

ग. टोल विकास संस्थाले बचत लगायत आयमुलक कार्यहरु संचालनगरी प्राप्त हुने आम्दानी ।





निर्वाचन मण्डल बनाई टोल विकास संस्थाको पदाधिकारी चयन गरिनेछ ।

**१८. टोल विकास संस्थाको सम्पति र दायित्व :**

१८.१ टोल विकास संस्थाले आफ्नो सम्पत्ति साधारण सभाको निर्णयका आधारमा वडा समितिको सहमतिमा व्यक्ति सरह भोग चलन गर्न पाउने छ ।

१८.२ टोल विकास संस्था कुनै कारणबस विघटन भएमा व्यक्तिगत बचत कोष बाहेकका अन्य चल अचल सम्पति स्वत: वडा समितिको स्वामित्वमा आउने छ ।

१८.३ विघटन भएको टोल विकास संस्थाको विघटन भएको सम्पूर्ण अवस्थाको प्रतिवेदन तयारगरी उपलब्ध सदस्यहरुको हस्ताक्षर गराएर राख्नु पर्ने छ ।

**१९. टोल विकास संस्थाहरुको क्षमता विकास :**

१९.१ टोल विकास संस्थाहरुका पदाधिकारीहरुको क्षमता विकासका कार्यक्रम वडा/ नगरपालिकाको बार्षिक कार्यक्रम बमोजिम संचालन हुनेछ ।

## भाग-२
## अनुसूची-१
## परिच्छेद २ को दफा ३ उपदफा ८ बमोजिम
## टोल विकास संस्थाको विधानको नमुना
## टोल विकास संस्थाको विधान

**........................................ टोल विकास संस्था**

**नारायण नगरपालिका वडा नं ..................**

**जिल्ला, दैलेख**

**प्रस्तावना :**

स्थानीय स्तरमा उपलब्ध स्रोत, साधन, श्रम र सीप तथा अवसरहरुको अधिकतम परिचालन गर्दै टोलको सामाजिक, आर्थिक तथा सांस्कृतिक सुव्यवस्थालाई एकअर्काको परिपुरकको रुपमा विकसित गरी गरिबी न्यूनीकरणको प्रयासमा ठोस योगदान दिन योजना तर्जुमा सहभागिता जनाई आफ्नो टोलको समग्र विकास आफै गर्ने वातावरण सिर्जना गर्न र स्थानीय सरकारको सहयोगी संस्थाको रुपमा स्थापित भै समुदायको दिगो र एकिकृत विकासका प्रयासमा योजना निर्माण, कार्यान्वयन, अनुगमन, मूल्यांकन, संरक्षण तथा उपयोग/उपभोग गर्न र सामाजिक रुपान्तरणका लागि टोल समुदायमा सशक्त भूमिका निर्वाह गरि सामुदायिक सुशासन कायम गर्न यो .......................... टोल विकास संस्थाको स्थापना गरी संचालन गर्न वान्छनिय भएकोले नारायण नगरपालिका टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि २०८२ को परिच्छेद





२ को दफा ३ उपदफा ११ बमोजिम यो विधान बनाईएको छ ।

## परिच्छेद-१
## १. संक्षिप्त नाम र प्रारम्भ

क. यो विधान ...................................... टोल विकास संस्थाको विधान हुनेछ ,

ख. यो संस्थाको नाम ................................................................ हुनेछ ,

ग. यो विधान ........................................................ टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ,

घ. यस संस्थाको कार्यालय ...................................................... मा हुनेछ ,

ङ. यस संस्थाको सिमाना देहाय बमोजिम हुनेछ :

पूर्व ...............पश्चिम ................. उत्तर .................... दक्षिण ......................

**२. परिभाषा :**

**विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :**

क. “संस्था” भन्नाले ............................ टोल विकास संस्थालाई सम्झनुपर्दछ ,

ख. “विधान” भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनुपर्दछ ,

ग. “साधारण सभा” भन्नाले संस्थाको साधारण सदस्यको भेलालाई सम्झनुपर्दछ , यस शव्दले संस्थाको विशेष साधारण सभा समेतलाई जनाउनेछ,

घ. “बैठक” भन्नाले संस्थाको संयुक्त वा छुट्टा छुट्टै बैठक सम्झनुपर्दछ,

ङ. “पदाधिकारी” भन्नाले टोल विकास संस्थाको विधानमा व्यवस्था गरिएका पदाधिकारीहरु अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सह-सचिवलाई सम्झनु पर्दछ ,

च. “सल्लाहकार सदस्य” भन्नाले टोल विकास संस्थाको साधारण सभाले तोकेको व्यक्तिलाई सम्झनुपर्दछ,

छ. “टोल विकास कार्यसंजाल” भन्नाले पालिका भरिका टोल विकास संस्थाहरुको प्रतिनिधित्ववाट गठित टोल विकास संस्थाहरुको कार्यसंजाल र वडा संजाल भन्नाले वडा भित्रका टोल विकास भन्ने वुझिनेछ ।

**३. संस्थाको छाप र चिन्ह:**

क. नेपालको प्रचलित कानुनको व्यवस्थाको प्रतिकुल नहुने गरी यस संस्थाको आफनै छुट्टै छाप रचिन्ह अनुसूची- १ बमोजिम हुनेछ साथै संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ ।

ख. संस्थाले चल–अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ तर संस्थाले आफ्नो अचल सम्पत्ति विक्रि गर्न भने पाउने छैन, संस्था विघटन भए सो संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति पालिकामा हस्तान्तरण हुनेछ ।

## परिच्छेद –२

### ४. टोल विकास संस्थाको उद्देश्यहरु

(क) स्थानीय समुदायलाई संगठित बनाउदै उनीहरुलाई स्थानीय सरकारका सबै विकास प्रकृयामा प्रत्यक्ष रुपमा सहभागि गराउने,

(ख) स्थानीय सरकारले पारित गरेका नीति तथा कार्यक्रमहरुलाई व्यवस्थित रुपमा कार्यान्वयनका लागि टोल विकास संस्थाहरुलाई प्रत्यक्ष रुपमा सहभागि गराई विकास प्रकृयालाई आवश्यकतामा आधारित एकिकृत एवं दिगो बनाउने,

(ग) नगरपालिका तथा वडाका टोलमा हरेक योजनाहरु टोल विकास संस्था मार्फत गर्ने,

(घ) नगरपालिकाको वडा समितिहरुलाई उनीहरुको योजना कार्यान्वयनलाई सहज बनाउदै स्थानीय टोल विकास संस्था मार्फत काम गरी सम्पन्न गरिएका विकास निर्माण कार्यलाई एकिकृत, जीवन उपयोगी, नतिजामूलक, गुणस्तरीय तथा दिगो बनाउने,

(ङ) स्थानीय टोल विकास स्थामा आवद्ध भएका नागरिकहरुलाई उनीहरुको विभिन्न तालिम, अन्तरक्रिया, गोष्ठी तथा बैठकका माध्यमहरुवाट क्षमता विकास गरी आफनो विकास आफै गर्ने परिपाटी बसाल्ने,

(च) टोल बासीहरुको नियमित बैठक संचालन गरी टोलका समस्याहरुको पहिचान, विश्लेषण तथा उपायहरुको खोजी तथा कार्यान्वयनका लागि योजना बनाई कार्यान्वयन गर्ने प्रकृयाबाट टोलका आवश्यकताहरुको दिगोरुपमा सम्बोधन गर्ने कार्यमा समुदाय परिचालन गर्ने,

(छ) नगरपालिका तथा वडा कार्यालयको सहयोगी संस्थाको रुपमा काम गर्ने ।

(ज) वडा तथा नगरपालिका संग साझेदारीमा काम गर्ने, टोल वासीको आय आर्जन बढाउने ।

**५. टोल विकास संस्थाको गठन :**

क) टोल विकास संस्थाका साधारण सदस्यहरुले पहिलो पटक टोल भेलावाट र त्यसपछि साधारणसभावाट अध्यक्ष १, उपाध्यक्ष, १, सचिव १, सहसचिव १, कोषाध्यक्ष १ गरी ५ जना पदाधिकारी निर्वाचित गर्नेछन, बाँकी सबैजना सदस्यहरु टोल विकास संस्थाका सदस्यका रुपमा रहनेछन्, टोल विकास संस्थामा एक घर एक सदस्य





रहनेछन भने बडघर प्रथा भएको टोलमा बडघर सल्लाहकार सदस्यको रुपमा रहेनेछन,

ख) सबै टोल विकास संस्थाहरुको गठन तथा प्रथम साधारणसभा सम्पन्न भए पश्चात वडामा रहेका सबै टोल विकास संस्थाहरुवाट प्रतिनिधित्व हुने गरी टोल विकास संस्थाहरुको टोल विकास वडा सञ्जाल गठन गर्न सक्नेछन् ,टोल विकास वडा संजालमा प्रत्येक टोल विकास संस्थाबाट १/१ जना सदस्य रहनेछन् ,यस्तो वडा संजालको मूल काम भनेको सिकाई आदान प्रदान गर्ने र नीतिगत परिवर्तनका लागि पैरवी गर्ने रहनेछ ,

ग) सबै वडाहरुवाट प्रतिनिधित्व हुने गरी नारायण नगरपालिका स्तरीय समुदायमा आधारित कार्यसंजाल संस्था निर्माण गरिनेछ ,कार्यसंजाल संस्थाको मुख्य काम सिकाई आदान प्रदान र नीतिगत परिवर्तनका लागि पैरवी, टोल विकासको क्षमता विकास, स्रोतको सृजना र परिचालन, समुदाय तथा टोल विकास संस्थाहरुको आवश्यकता र विकासका लागि पालिकासंग साझेदारीमा कार्यक्रम विकास र कार्यान्वयन गर्नु रहनेछ ,

घ) टोल विकास संस्थाहरुले आवश्यक विषयगत उप समितिहरु निर्माण गरी परिचालित गर्न सक्नेछ ।

ङ) टोल विकास संस्थाको संरक्षकमा सम्वन्धित टोलको वडा अध्यक्ष वा वडा समिति सदस्य वा कार्यपालिका सदस्य रहनेछन,

च) टोल विकास संस्थाको विधान निर्माण भई सम्वन्धित नगरपालिकामा दर्ता भएपछि यो संस्था एक स्वायत्त संस्थाका रुपमा रहनेछ ,

छ) यो टोल विकास संस्था आफ्नो टोलको सबै खालका विकास निर्माण प्रकृयाको नेतृत्वदायी भूमिका खेल्नेछ,

**६. टोल विकास संस्थाका कार्यहरु :**

क) हरेक वर्ष टोल विकास संस्थाले टोल विकासको समग्र एकिकृत योजना (शिक्षा, स्वास्थ्य, खानेपानी,सिचाई, सञ्चार, विद्युत, यातायात लगायत दैनिक आवश्यकीय सवालहरु) निर्माण गरी वडा समितिमा पेश गर्ने र उक्त योजना पारित गराई टोलको दिगो विकासको योजना बनाउने,

ख) टोल विकास संस्थाहरुले आवश्यकता अनुसार टोल विकास संस्थाका साधारण सदस्यहरु रहने गरी उप समितिहरुको निर्माण र परिचालन गर्ने,

ग) टोल विकास संस्थाहरुले मासिक कार्ययोजना बनाई हरेक घर परिवारमा स्वास्थ्य, सरसफाई, पोषण,पानीका श्रोतहरुको सरसफाई र संरक्षण, छाडा बस्तुभाउको नियन्त्रण, मदिरा नियन्त्रण/न्यूनीकरण लगायतका कुलतहरु माथिको नियन्त्रण, हरेक घरमा फलफूल, तरकारी तथा खाद्यान्न उत्पादन, पशुपालन, घरेलु हिंसा नियन्त्रण, मेलमिलाप





सदस्यबाट हटाउने निर्णय गरेमा ,तर सम्बन्धित सदस्यलाई सफाई दिने अवसरबाट बञ्चित गरिने छैन ,यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारण सभाको हुनेछ ,

ङ) प्रचलित कानुनले निषेध गरेको कार्य गरेमा

## परिच्छेद–४

### ९.टोल विकास संस्थाको गठन एवं कार्य सञ्चालन विधि : टोल विकास संस्थाको गठन तथा कार्यसंचालन विधि देहाय बमोजिम हुने छ,

क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्मत निर्णयबाट टोलको क्षेत्र निर्क्यौल गरेपछि त्यस टोल भित्र बसोवास गर्ने अधिकाशं घरधूरीहरुको उपस्थितिमा संस्था गठन गरिनेछ ।

ख) टोल विकास संस्थाको वार्षिक साधारणसभाले तपसिलका पदाधिकारीको निर्वाचन गर्नेछ ।

| | |
|---|---|
| अध्यक्ष | : १ जना |
| उपाध्यक्ष | : १ जना |
| सचिव | : १ जना |
| कोषाध्यक्ष | : १ जना |

सदस्यहरु : बाँकी टोल विकास संस्थामा आवद्ध रहेका सवै जना सदस्यहरु यस संस्थाको कार्यसमिति सदस्य रहनेछन् भने पदाधिकारीमा कम्तिमा २ जना महिला रहनेछ, साथै संस्थामा कम्तिमा ३३ प्रतिशत महिला सदस्य रहने छन ,

ग) कार्यसमिति पदाधिकारीको निर्वाचन गर्दा लैङ्गिक समता तथा सामाजिक समावेशीकरणका आधारमा महिला, दलित, आदीवासी जनजाती, अल्पसंख्यक र फरक क्षमताका मानिसहरुलाई समावेश गर्नु पर्नेछ ,

घ) टोल विकास संस्थाका पदाधिकारीहरु हरेक दुई वर्षका लागि निर्वाचित हुनेछन् ।

**१०. टोल विकास संस्थाको बैठक :**

क) टोल विकास संस्थाको बैठक नियमित मासिक रुपमा बस्नेछ र आवश्यकता अनुसार जुनसुकै बखत पनि बस्न सक्नेछ ,बैठकको छलफल तथा निर्णयहरुको म्याईन्यूट राखिनेछ ,

खं) अध्यक्षको परामर्शमा टोल विकास संस्था सचिवले सम्वन्धित सदस्यहरुलाई बैठकको सूचना प्रदान गर्नुपर्नेछ ,

ग) टोल विकास संस्थाको साधारणसभा वर्षमा एकपटक अनिवार्य रुपमा बस्नेछ, विशेष परिस्थितिमा अध्यक्षको आदेश वा कम्तिमा २५ प्रतिशत टोल विकास संस्थाका





साधारण सदस्यहरुले साधारणसभा गर्न अध्यक्ष समक्ष लिखित रुपमा माग गरेमा विशेष साधारणसभा एक महिनाभित्र बोलाउनु पर्नेछ ।

## परिच्छेद–५

**११. सस्थाको पदाधिकारीको काम, कर्तव्य र अधिकार:** संस्थाको पदाधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन :

**११.१. अध्यक्षको काम कर्तब्य र अधिकार :**

क. टोल विकास संस्थाको बैठकको अध्यक्षता गर्ने ,

ख. संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने,

ग. टोल विकास सस्थाको बैठकका ऐजण्डा तयार गर्ने तथा छलफलका विषयहरु तोक्ने,

घ. सबैका विचार लिई छलफललाई निष्कर्षमा पु¥याउने,

ङ. टोल विकास संस्थाका निर्णयहरु लागू गर्ने/गराउने,

च. साधारण सभाको अध्यक्षता गर्ने,

छ. संस्थाले आर्जन/प्राप्त गरेका नगद तथा जिन्सी सामानहरुको संरक्षण गर्ने गराउने,

ज. टोल विकास संस्थालाई नेतृत्व प्रदान गर्ने,

झ. वडा समितिसंग नियमित सम्पर्क, सम्वन्ध स्थापित गर्ने,

ञ. अन्य सबै कामहरु गर्ने ।

**११.२. उपाध्यक्षका काम कर्तब्य र अधिकार :**

क) अध्यक्षको काममा सहयोग पु¥याउने,

ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने काम गर्ने,

ग) बैठकका निर्णयहरु कार्यान्वयन गर्न सहयोग पु¥याउने,

घ) तोकिएको अन्य कार्य गर्ने गराउने ।

**११.३. सचिवको काम कर्तब्य र अधिकार :**

क. अध्यक्षको आदेशनुसार बैठक बोलाउने,

ख. अध्यक्षको आदेशनुसार साधारण सभा बोलाउने,

ग. बैठकका निर्णयहरु पुस्तिकामा लेख्ने र प्रमाणित गराउने,

घ. संस्थाका क्रियाकलाप तथा गतिविधिहरु वडा समितिहरु र सदस्यहरुलाई जानकारी गराउने,

ङ. अध्यक्ष र उपाध्यक्षको अनुपस्थितीमा बैठकको अध्यक्षता गर्ने ,

आदिको योजना बनाई कार्यान्वयन गर्ने कार्यतालिका निर्माण गर्ने,

घ) अशक्त, अपांग, जेष्ठ नागरिक, एकल महिला तथा पुरुष, टुहुरा वालवालिकाहरुको संरक्षण, टोलमा रहेको विद्यालय, वालविकास केन्द्रको संरक्षण र प्रवर्द्धन गर्दै सामाजिक न्यायका लागि आवश्यक योजना बनाई कार्य गर्ने,

ङ) नगरपालिका र वडाले सञ्चालन गर्ने विभिन्न अभियानहरु पूर्ण रुपमा सम्पन्न गर्नका लागि टोलका सबै सदस्यहरुको सहभागिता गराई काम सम्पन्न गर्न सघाउने,

च) आवश्यक्ताहरुको पहिचान गरी प्राथमिकताका आधारमा टोल विकासका लागि आवश्यक योजना बनाई वडा समितिहरुमा पेश गर्ने र प्राप्त योजनाहरुलाई सबै सदस्यहरुको सहभागितामा सम्पन्न गर्ने,

छ) सामुदायिक वन र वृक्षारोपण, सरकारी वनको संरक्षण गरी वातावरणीय सन्तुलन कायम राख्नका लागि आवश्यक योजना बनाउने,

ज) टोलमा आईपर्ने प्राकृतिक प्रकोप विपद् जन्य समस्याहरुको सामना गर्नका लागि आवश्यक तयारी गर्ने,

झ) सामाजिक सद्भाव, भाईचारा, धार्मिक सहिष्णुताको प्रवर्द्धन गर्दै धार्मिक तथा पर्यटकीय स्थलको विकास तथा संरक्षणका लागि विशेष योजना बनाई लागू गर्ने,

ञ) एच.आइ.भी./एड्स, अशिक्षा, अन्धविश्वास, छाउपडी प्रथा, बाल विवाह, वहुविवाह जस्ता सामाजिक समस्याका बारेमा सम्पूर्ण टोल विकास संस्थाको सदस्यहरुलाई चेतना अभिबृद्धि गर्ने,

ट) टोलमा बसोवास गर्ने बासिन्दाका बीचमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता लगायतका सामाजिक सरोकारका विषयहरुमा विभिन्न चेतनामूलक कार्यक्रम संचालन गर्ने ,

ठ) वातावरणमैत्री स्थानीय शासनका सूचकहरुको टोलमा कार्यान्वियन गर्ने र नगरपालिकालाई सूचक कार्यान्वयन गर्न सहयोग गर्ने ,

ड) आफ्नो टोल वस्तीलाई नमुना वस्तीको रुपमा विकास गर्न सहयोग गर्ने ,

ढ) हरित गाउँ, उज्यालो गाउँ, सफा गाउँ र सम्पन्न तथा समृद्ध गाउँ, स्थापना अभियानमा सहयोग गर्ने

ण) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता आदी काममा वडा तथा पालिकालाई सहयोग गर्ने ,

त) टोलमा रहको सार्वजनिक, पर्ति, ऐलानी आदि जग्गाको संरक्षणमा नगरपालिकालाई सहयोग गर्ने

थ) संस्थाका पदाधिकारीहरुको चयन सर्वसम्मतिमा वा सो नभएमा वहमुतमा गर्ने ,





द) नगरपालिकाको राजस्व परिचालनमा सहयोग गर्ने ,

ध) नगरपालिका र वडा संग भएको समझदारी अनुसारका अन्य कार्यहरु गर्ने,

न) लैङ्गिक तथा सामाजिक विभेदहरुको अन्त्य गर्ने ,

प) टोल विकास संस्थामा पार्टीगत राजनीति तथा द्वन्द सृजना हुने खालका कार्यहरु गर्न गराउन पाईनेछैन् ।

फ) लेखा परिक्षक नियुक्त गर्ने ।

## परिच्छेद –३

**७. टोल विकास संस्थाको सदस्यता : संस्थाको सदस्यता देहाय बमोजिम हुने छ**

क) नगरपालिका वडा नं .......... को .....................टोल क्षेत्रमा स्थायी बसोवास गर्ने सबै घरधुरीका एकजना सदस्य अनिवार्य रुपमा टोल विकास संस्थाको सदस्यका रुपमा रहनेछन ।

ख) यस विधानको उद्देश्य बमोजिम संस्था प्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानिय टोल बासी यस संस्थाको सदस्य हुनेछ ।

ग) सदस्य बन्ने इच्छुक नयाँ टोल बासीलाई संस्थाले तोके बमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

घ) कुनै टोल विकास संस्थाको सदस्यको मृत्यु भएमा त्यस घरधुरीको अर्को सदस्य टोल विकास संस्थाको सदस्यका रुपमा आउनेछ, भने स्थायी रुपमै बसाई सरी गएमा संस्थाको सदस्यता समाप्त हुनेछ ।

ङ) परिवारबाट छुट्टिएमा वा वसाइँ सराइँ गरी आएमा टोल विकास संस्थाको सदस्यता लिनु पर्ने छ ।

**८. सदस्यता नरहने : देहाय अवस्थामा सदस्य रहने छैन,**

क) सदस्यको मृत्यु भएमा,

ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा , तर संस्थाको निर्णय उपर चित्त नबुझेमा साधारण सभामा पेश गर्ने र साधारणसभाको निर्णय अन्तिम हुनेछ ,

ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगरेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएकामा,

घ) संस्थालाई हानी नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले





च. तोकिएका अन्य कार्यहरु गर्ने ।

**११.४. सह सचिवको काम कर्तब्य र अधिकार :**

क. सचिवको अनुपस्थितिमा सचिवले गर्ने कार्य गर्ने,

ख. सचिव तथा अन्य पदाधिकारीको काममा सहयोग पुऱ्याउने,

ग. तोकिएका अन्य कार्यहरु गर्ने ।

**११.५. कोषाध्यक्षको काम कर्तब्य र अधिकार :**

क. टोल विकास संस्थाको आर्थिक र भौतिक सम्पत्तिको अभिलेख राख्ने,

ख. संस्थाको कोषको लेखा प्रणाली अनुरुपको श्रेस्ता राख्ने र वार्षिक रुपमा लेखापरिक्षण गराउने,

ग. आर्थिक आयआर्जनका क्रियाकलापहरु प्रस्ताव गरी सञ्चालन गर्ने गराउने,

घ. संस्थाको आर्थिक क्रियाकलापहरुको वारेमा बैठकमा सदस्यहरुलाई जानकारी गराउने,

ङ. बार्षिक साधारण सभामा बार्षिक लेखा परिक्षण प्रतिवेदन पेश गर्ने,

च. तोकिएका अन्य कार्यहरु गर्ने ।

**११.६. सदस्यहरुको काम कर्तब्य र अधिकारहरु :**

क. संस्थाको उद्देश्य अनुरुप तोकिएको जिम्मेवारी पुरा गर्ने,

ख. टोल विकास संस्थाको बैठकमा नियमित उपस्थित भै अर्थपूर्ण सहभागिता जनाउने,

ग. टोल विकास संस्थाको बैठकमा हुने हरेक क्रियाकलापमा जानकारी लिई योजना कार्यान्वयनमा सहभागि हुने,

घ. संस्थाको हितमा योगदान गर्ने,

ङ. अध्यक्षले अह्रयको काम गर्ने ,

च. तोकिएका अन्य कामहरु गर्ने

**११.७. सल्लाहाकार सदस्यहरुको काम कर्तब्य र अधिकारहरु :**

क. संस्थाको उद्देश्य अनुरुप तोकिएको जिम्मेवारी पुरा गर्ने,

ख. टोल विकास संस्थाको बैठकमा नियमित उपस्थित भै अर्थपूर्ण सहभागिता जनाउने,

ग. टोल विकास संस्थाको बैठकमा हुने हरेक क्रियाकलापमा जानकारी लिई योजना कार्यान्वयनमा सहभागिताका साथै आवश्यक सल्लाह सुझाव दिने र सरोकारवालासंग समन्वयकारी भुमिका निर्वाह गर्ने ।

**१२. साधारणसभाको गठन र कार्य प्रणाली :** साधारण सभाको गठन र कार्यप्रणाली देहाय बमोजीम हुने छ ।

क) तोकिएको क्षेत्र भित्रको तोकिएको टोलमा रहेका प्रत्येक घरधुरीवाट १ जनाका





दरले सबै घरधुरीका नागरिकहरु टोल विकास संस्थाको सदस्य रहनेछन,

ख) संस्थाको साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ , निजको अनुपस्थितीमा उपाध्यक्ष र निजको अनुपस्थितिमा सचिव र निजको पनि अनुपस्थितीमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ

ग) प्रत्येक वर्ष टोल विकास संस्थाको वार्षिक साधारणसभा बस्नेछ र आवश्यकता अनुसार थप बैठकहरु पनि बस्न सक्नेछ ,

घ) प्रत्येक टोल विकास संस्थाका साधारण सदस्यहरुलाई सदस्यता प्रदान गरिनेछ ,

ङ) टोल विकास संस्थाको निर्णय अनुसार आवद्धता/सदस्यता शुल्क रु .................. र नविकरण शुल्क रु .................................. हुनेछ ,

च) तोकिएको समयमा सदस्यता वार्षिक रुपमा नविकरण गर्नुपर्नेछ ,

छ) साधारणसभा टोल विकास संस्थाको सर्वोच्च निकाय हुनेछ ।

**१३. साधारण सभाको काम कर्तब्य र अधिकार :**

क) प्रत्येक वर्ष कम्तिमा एकपटक बस्ने साधारणसभावाट टोल विकास संस्थाको वार्षिक नीति कार्यक्रम निर्माण गर्ने र पारित गर्ने,

ख) साधारण सभामा प्रस्तुत कार्यकारिणी समितिले प्रस्तुत गरेको वार्षिक कार्यप्रगति तथा आम्दानी खर्चमा छलफल गरी अनुमोदन गर्ने,

ग) वार्षिक लेखा परिक्षण प्रतिवेदन अनुमोदन गर्ने,

घ) सार्वजनिक सुनुवाई गरी अनियमित कार्यहरु खर्चहरु भए कारवाही गरी असुली गर्ने,

ङ) प्रत्येक २ वर्षमा एकपटक टोल विकास संस्थाको पदाधिकारीको चयन गर्ने,

च) संस्थाको विधान संशोधन गर्ने,

छ) आवश्यकता अनुसार सल्लाहकार मनोनयन गर्ने,

ज) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने,

झ) आवश्यक नीति नियम बनाउने,

ञ) पदाधिकारीवाट प्रस्तुत गरिएका अन्य कार्यसूचीमा छलफल गरी अनुमोदन गर्ने ।

## परिच्छेद–६

**१४. टोल विकास संस्थाको कोष निर्माण र व्यवस्थापन:** टोल विकास संसथाहरु सम्बन्धित पालिकामा दर्ताभएपछि एक स्वायत्त संस्थाका रुपमा स्थापित हुने भएकोले उक्त संस्थाहरुको कोष निर्माण रव्यवस्थापन गर्नु आवश्यक हुन्छ, टोल विकास संस्थाहरुले एक स्वायत्त संस्थाका रुपमा आफनो कोषनिर्माण, परिचालन र व्यवस्थापनका

लागि निम्नानुसार दुई प्रकारका कोषहरु निर्माण गर्न सक्नेछ ।

**१. अनुदान तथा कामका लागि प्राप्त रकमबाट कोष निर्माण**

क) टोल विकास संस्थाका साधारण सदस्यता शुल्क वापत प्राप्त रकम,

ख) विभिन्न सास्कृतिक पर्वहरु मनाउदा संकलित रकमहरु,

ग) विभिन्न गैर सरकारी संघसंस्थाहरु वाट प्राप्त हुने अनुदान रकमहरु,

घ) टोलमा विद्यमान रहेका स्थानीय सार्वजनिक श्रोतहरुको परिचालनवाट प्राप्त रकमहरु,

ङ) टोल विकास संस्थाहरुले गर्ने विकास निर्माणका कार्यहरु गर्दा टोल विकास संस्थाका सदस्यहरुवाट जनश्रमदानको परिचालन गरी बचत गरेको रकम,

च) अन्य सहयोग ।

**२. सदस्यहरुले नियमित बचत गर्ने बचत कोषः**

क) सदस्यहरुको आर्थिक सशक्तिकरणकालागि आय आर्जन तथा जीविकोपार्जन कार्यमा परिचालन गर्ने उद्देश्यले सदस्यहरुको मासिक नियमित बचत रकम,

ख) सदस्यताबाट प्राप्त शुल्क ,

ग) संस्थाका सदस्यहरुलाई ऋण परिचालन,

घ) अन्य श्रोतबाट प्राप्त रकम ।

**३ कोष व्यवस्थापन तथा सञ्चालन :**

क) टोल विकास संस्थाका अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन हुने गरी वडाको सिफारीसमा स्थानीय बैंकमा संस्थाको नाममा खाता खोल्नु पर्नेछ ,

ख) टोल विकास संस्थाको वार्षिक आय व्ययको हिसाव किताव लेखा प्रणालीका आधारमा गर्ने

ग) वार्षिक रुपमा आय व्ययको लेखापरिक्षण गर्ने ,

घ) हरेक वर्ष साधारण सभामा आय व्ययको विवरण, वार्षिक योजना र लेखा परिक्षण प्रतिवेदन प्रस्तुत गर्ने,

ङ) टोल विकास संस्थाको चल अचल सम्पत्तिको अभिलेख व्यवस्थित रुपमा राख्ने ,

च) टोल विकास संस्थाको कार्यालय स्थापना र सञ्चालन गर्ने र कोषको रकमबाट टोल विकास संस्थाहरुको बैठक र छलफलमा भाग लिए वापत भत्ता लिन पाईने छैन,

छ) हरेक टोल विकास संस्थाको बैठकमा कोषाध्यक्षले समितिको हिसाव किताव पेश गर्ने र पारित गर्ने,

ज) टोल विकास संस्थाको कोषको रकम खर्च गर्नु पर्दा संस्थाको निर्णय अनुसार गर्न सकिनेछ ।





**परिच्छेद-७**

**१५. टोल विकास संस्थाका पदाधिकारीहरुको राजीनामा तथा पदपूर्ति**

क) टोल विकास संस्थाका उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष एवं सदस्यहरुले आफ्नो राजीनामा अध्यक्ष समक्ष प्रस्तु गर्नेछन भने अध्यक्षको राजीनामा दिनु परेमा उपाध्यक्ष समक्ष दिन सक्नेछन,

ख) प्रस्तुत गरिएको राजीनामा टोल विकास संस्थाको बहुमतवाट स्वीकृत भएमा रिक्त पदमा टोल विकास संस्थाका सदस्यहरु मध्येबाट पदपूर्ति गर्न सकिनेछ ,उक्त पदपूर्ति लगत्तै टोल विकास संस्थाका बहुमत सदस्यहरु उपस्थित रहेको बैठकबाट मात्र गराउनु पर्नेछ ।

**१६. टोल विकास संस्थाको निर्वाचन सम्बन्धी व्यवस्था :**

साधारण सभाबाट नयाँ नेतृत्व चयन गर्नका लागि संस्थाले निर्वाचनमा भाग नलिने व्यक्तिको संयोजकत्वमा साधारण सदस्यहरु मध्येबाट ३ जनाको निर्वाचन मण्डल गठन गर्न सक्नेछ ,निर्वाचन सम्बन्धि प्रक्रिया निर्वाचन मण्डलले तोके बमोजिम हुनेछ ।

**१७. अविश्वासको प्रस्ताव** : अविश्वास प्रस्तावका लागि देहाय बमोजिमको प्रक्रिया हुनेछ ।

क) टोल विकास संस्थाका पदाधिकारीहरु वा सदस्यले संस्थाको हित विपरित कुनै कार्य गरेको संस्थाका सदस्यहरुलाई लागेमा संस्थाका २५ प्रतिशत सदस्यहरुले पदाधिकारी विरुद्ध अविश्वासको प्रस्ताव दर्ता गर्न सक्नेछन,

ख) अध्यक्षले अविश्वासको प्रस्ताव दर्ता भएको १५ दिन भित्र साधारणसभा बोलाई प्रस्ताव माथि छलफल गर्नुपर्नेछ ,

ग) अविश्वासको प्रस्ताव साधारणसभाको दुई तिहाई बहुमतवाट पारित भएमा पदाधिकारीहरुको कार्य अवधी समाप्त हुने र सोही साधारणसभाले अर्को पदाधिकारीको चयन गरी जिम्मेवारी दिनुपर्नेछ ।

**परिच्छेद-८**

**विविध**

**१८. विधान संशोधन** : देहायको प्रकृया पुरा गरी टोल विकास संस्थाले यो विधान संशोधन गर्न सक्नेछ

(क) टोल विकास संस्थाको साधारण सभाले आवश्यकता र औचित्य सहितको विधान संशोधन प्रस्ताव टोल विकास समितिको वार्षिक साधारण सभामा प्रस्तुत गर्ने र साधारण सभाको दुई तिहाईले पारित गरेमा विधान संशोधन हुनेछ ,संशोधन भएको विधान नगरपालिको प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित भए पश्चात लागू हुनेछ ,

(ख) विधान संसोधन गर्नुपर्ने भएमा कार्यसमितिले स्वीकृत गरे पछि साधारणसभामा





मितिः-.............................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नारायण नगरपालिकाको कार्यालय
नारायण दैलेख ।

**विषय : टोल विकास संस्था दर्ता सम्बन्धमा ।**

प्रस्तुत विषयमा नारायण नगरपालिका वडा नं. ............. स्थित ............. टोलका ............ घर परिवार समेटी ......................... टोल विकास संस्था गठन भएकोले नारायण नगरपालिकाको टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि २०८१ अनुसार टोल विकास संस्था दर्ता गरी प्रमाणपत्र उपलब्ध गराई दिन हुन देहायको विवरणसहित अनुरोध गरिन्छ ।

१. टोल विकास संस्थाको नाम :

२. टोल विकास संस्थाको क्षेत्र :

पूर्वमा........
पश्चिममा......
उत्तरमा.......
दक्षिणमा.......
जम्मा घरधुरी......

**संलग्न कागजात :**

टोल विकास संस्थाको विधान २ प्रति
टोल विकास सस्था दर्ताका लागि टोल भेलाले गरेको निर्णयको प्रतिलिपी
वडा कार्यालयको सिफारिस पत्र

निवेदक
अध्यक्ष
.................टोल विकास संस्था
नारायण .........................दैलेख





**नारायण नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय नारायण**
**दैलेख**

**दर्ता नं.** **मिति :-**

**टोल विकास संस्था दर्ता**
**प्रमाण पत्र**

नारायण नगरपालिका वडा नं............स्थित............................मा गठन भएको...........................टोल विकास संस्थालाई यस नारायण नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि २०८२ को अनुसार पालिकामा मिति......................................मा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक पुर्वाधार, सुशासन लगायतका क्षेत्रमा यस टोल विकास संस्थाको सक्रिय सहभागीताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतीको शुभ कामना व्यक्त गर्दछु ।

प्रमुख प्रशासकीय अधिकृत
मिति ...................

नविकरणः

| नविकरण मिति | अवधि | नविकरण गर्नेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

पेश गरिनेछ ,साधारण सभामा उपस्थित सदस्यहरुको दुई तिहाई बहुमतले विधान संशोधन हुनेछ ,

(ग) प्रचलित ऐन ,नियमहरुसंग बाझीएका बुंदाहरु बाझीएको हदसम्म स्वत खारेज हुनेछ ,

(घ) संस्थाले आफ्नो कार्य सञ्चालनका लागि विभिन्न नीति बनाई साधारण सभाबाट स्वीकृत गराई कार्यान्वयन गर्न सक्नेछ ।

**१९. बचाउ तथा खारेजी**

(१०) नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८२ अनुरुप कार्य नगरी प्रचलित कानून सँग बाझिन गएमा बाझिएको हदसम्म स्वत: अमान्य हुनेछन,

(२) गठित टोल विकास संस्था गठन भै टोल विकास संस्थामा आवद्ध भएका समूह/ संस्थाले गरेका काम कारवाही टोल विकास संस्थाको कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।



**अनुसूची-१**

**टोल विकास संस्थाको छाप**

हामी तपसिलमा उल्लेखित टोल विकास संस्थामा आवद्ध संस्थाका सदस्यहरु यस विधानको पूर्ण रुपमापालना गर्न मञ्जुर भई विधानमा सहिछाप गर्दछौं ।

| क्र.स | नामथर | पद | ठेगाना | उमेर | ना.प्र.नं. | लिंग | मोवाइल नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |





**टोल विकास संस्थाको विधान**

**२०८१**

**...................................टोल विकास संस्था**

**नारायण नगरपालिका वडा नं. .......... दैलेख**





**अनुसूची-२**

**परिच्छेद २, दफा ४ अन्तरगत टोल विकास संस्था गठन सम्बन्धी व्यवस्था**

**टोल विकास संस्था गठन प्रतिवेदन**

१. टोल विकास संस्थाको नाम .......................................... वडा नं .............

२. टोल संस्थाको क्षेत्राधिकारको ४ किल्ला र यस संस्थामा आवद्ध जम्मा घरधुरी संख्याः ......................

पुर्व ........................................................ पश्चिम ...................................

उत्तर .................................................... दक्षिण .....................................

३. टोल विकास संस्थाको पछिल्लो चुनावी सभा भएको मिति :............................

४. टोल विकास संस्थाको नयाँ पदाधिकारी तथा कार्यसमितिको नाम :

अध्यक्षको नामः ................................ सम्पर्क नं.

सचिवको नाम : ............................... सम्पर्क नं.

कोषाध्यक्षको नाम : .......................... सम्पर्क नं.

सम्पूर्ण सदस्यहरु :

५. टोलविकास संस्थाका घरधुरी सदस्यको विवरण :

| क्र.स. | घरधुरी प्रतिनिधिको नाम | परिवार संख्या | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

**प्रतिवेदन तयारीमा सहयोग गर्ने :**
नाम :
पद :

**प्रतिवेदन पेश गर्ने**
नाम :
पद :

**टोल विकास संस्थाको नाम :**

.....................नगरपालिकाको नाम

......................................................................नं. वडा कार्यालय

**अनुसुची-३**
**परिच्छेद २ को दफा ७ को उपदफा २ बमोजिम**
**टोल विकास संस्था दर्ता एवं सूचिकरणको प्रमाण पत्र**
**नारायण नगरकार्यपालिकाको कार्यालय**
**नारायण, दैलेख**

श्री ................................ टोल विकास संस्था
वडा नं. ................ .............नगरपालिका, .....................

**टोल विकास संस्था दर्ता एवं सुचिकृत प्रमाण पत्र ।**

यस टोल विकास संस्थालाई नारायण नगरपालिका वडा नं. ............ को सिफारिस बमोजिम स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा २ को अधिनमा रही यस नारायण नगरपालिकाबाट स्वीकृत टोल विकास संस्था संचालन कार्यविधि २०८२ बमोजिम प्रत्येक ३ वर्षमा नवीकरण गर्ने गरी यस नारायण नगरपालिकाको कार्यालयमा दर्ता एवं सूचीकृत गरि यो प्रमाण पत्र प्रदान गरिएको छ।

**प्रमाण पत्र जारी गर्ने :**

नाम :

पद :

हस्ताक्षर :

मिति :

नविकरण :

| नविकरण मिति | अवधि | नविकरण गर्नेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

प्रमुख प्रशासकीय अधिकृत :